रामारोशन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शान्तिडाँडा, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

प.स.२०८१/०८२ मिति:२०८२/०१।१०

च.नं. २८९८

श्री वडा कार्यालयहरु, सबै ।

विषयगत शाखा तथा इकाईहरु, सबै ।

**विषयः बजेट सिमा निर्धारण गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयका सम्बन्धमा रामारोशन गाउँपालिकाको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०८२।०१।०९ गतेको वैठकले वडाकार्यालय तथा विषयगत शाखा एवं इकाईहरुको लागि बजेट सिमा निर्धारण गरि बजेट तर्जुमा तथा कार्यान्वयनको लागि आवश्यक मार्गदर्शनका विषयमा निर्णय भइ आएकोले उक्त वैठकंको निर्णयको प्रतिलिपि यसै साथ संलग्न गरि पठाइएको छ । प्रचलित कानुन, मापदण्ड र मार्गदर्शनका आधारमा रहि आवश्यक कामकाज गर्नुहोला ।

.................

**राम बहादुर भण्डारी**

**प्रमुख प्रशासकीय अधिकृत**

राम बहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

| क्र.सं. | प्रस्ताव तथा सो सम्वन्धमा भएको निर्णय |
|---|---|
| १ | **आगामी आर्थिक वर्ष २०८२।८३ को श्रोत अनुमान सम्वन्धमा ।** |

रामारोशन गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।८३ को बजेट तथा कार्यक्रम तर्जुमा प्रयोजनका लागी तपसिल अनुसार श्रोत अनुमान कायम गर्नेः

तपसिलः

| क्र.सं. | आय श्रोत | रकम कैफियत | |
|---|---|---|---|
| १ | संघीय समानीकरण अनुदान | ९३७००००० | |
| २ | प्रदेश समानीकरण अनुदान | ८३४६००० | |
| ३ | संघीय राजश्व बाँडफाँड | १०३६००००० | |
| ४ | प्रदेश राजश्व बाँडफाँड | ३०७६००० | |
| ५ | आन्तरिक श्रोत | ४२००००० | |
| | जम्मा | २१२९२२००० | |

| | |
|---|---|
| २ | **आगामी आर्थिक वर्ष २०८२।८३ को लागी बजेट सिमा निर्धारण सम्वन्धमा ।** |

रामारोशन गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।८३ को लागी विषयगत शाखा तथा वडाहरुको लागी तपसिल बमोजिम बजेट सिमा निर्धारण गर्नेः

तपसिलः

| क्र.सं. | वडा/विषयगत क्षेत्र/शाखा | रकम | इकाई/शाखागत रकम |
|---|---|---|---|
| १ | वडा कार्यालयहरु | १०८००००० | +४९००००० |
| २ | आर्थिक विकास | २९५०००० | |
| २.१ | कृषि विकास इकाई | | १०००००० |
| २.२ | पशु सेवा इकाई | | १०००००० |
| २.३ | सहकारी इकाई | | २५०००० |
| २.४ | उद्यम विकास इकाई | | ७००००० |
| ३ | सामाजिक विकास | ६२७५०००० | |
| ३.१ | शिक्षा, युवा तथा खेलकुद | | ४३०००००० |
| ३.२ | स्वास्थ्य शाखा | | १६०००००० |
| ३.३ | आयुर्वेद इकाई | | ५००००० |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | ३.४ | महिला, वालवालिका तथा ज्येष्ठ नागरिक इकाई | | २०००००० | |
| | ३.५ | रोजगार सेवा केन्द्र | | १०००००० | |
| | ३.६ | पंजिकरण पञ्जिकरण इकाई | | २५०००० | |
| | ४ | पुर्वाधार विकास | ५५०००००० | | |
| | ४१ | उर्जा इकाई | | ५००००० | |
| | ४२ | वास युनिट (साझेदारी समेत) | | ५०००००० | |
| | ५ | वन, वातावरण तथा विपद व्यवस्थापन | २०००००० | | |
| | ५.१ | वन तथा वातावरण | | ५००००० | |
| | ५.२ | विपद व्यवस्थापन | | १५००००० | |
| | ६ | सुशासन तथा संस्थागत विकास | ११०८७६००० | | |

३ **आयोजना छनौट तथा बजेट विनियोजनको लागि मार्गदर्शन सम्बन्धमा सम्बन्धमा ।**

रामारोशन गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट विनियोजन तथा आयोजना छनौटको लागी तपसिल बमोजिमको मार्गदर्शनहरु अवलम्बन गर्ने गरि निर्देशन गर्नेः

तपसिलः **ग. समानीकरण अनुदान मार्फत मौज्दात रकमले संचालन हुने पुजिंगत आयोजना बजेट तर्जूमा दिग्दर्शन,२०७५ अनुसार प्राथमिकीरण गरि विनियोजन गर्ने ।**

विकास आयोजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गर्न सम्पूर्ण विकास कार्यक्रमहरुलाई पाँच वटा विषयगत क्षेत्रहरुमा वर्गीकरण गरि त्यस अन्तर्गत पर्ने उपक्षेत्र देहाय बमोजिम निर्धारण गरिएको छ ।

| क्र स | प्रमुख क्षेत्रहरु | उप क्षेत्रहरु |
|---|---|---|
| १ | आर्थिक क्षेत्र | कृषि, पशुसेवा, उद्योग,व्यापार, पर्यटन, जलस्रोत तथा सिचाई, सहकारी, वन, श्रम तथा रोजगार, गरिबी निवारण र भुमि व्यवस्था |
| २ | सामाजिक क्षेत्र | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, महिला बालबालिका तथा ज्येष्ठ नागरिक, युवा तथा खेलकुद, कला संस्कती तथा साहित्य, सामाजिक सुरक्षा तथा संरक्षण |
| ३ | पूर्वाधार क्षेत्र | यातायात, भवन आवास तथा सहरी विकास, बस्ती विकास, उर्जा, सम्पदा पूर्वाधार, पुन निर्माण तथा निर्माण सम्बन्धी कार्यहरु |
| ४ | वातावरण संरक्षण, विपद | वातावरण संरक्षण, जलवायू परिवर्तन, विपद |

CamScanner

| | | |
|---|---|---|
| | व्यवस्थापन तथा अन्तरसम्बन्धीत क्षेत्र | व्यवस्थापन, नदि नियन्त्रण/तटबन्धन, फोहोरमैला व्यवस्थापन, सुचना तथा संचार र विज्ञान प्रविधि, मानव संसाधन सीप तथा क्षमता विकास |
| ५ | सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह | कार्यालय संचालन तथा प्रशासनिक व्यवस्था, संस्थागत क्षमता विकास तथा सुधार, सेवाप्रवाह अनुगमन मुल्याङकन, तथ्याङक प्रणाली विकास, प्रशासकीय शुसासन, कानुन तथा न्याय आदी |

**३. योजना छनौट तथा तर्जुमा गर्दा पालना गर्नुपर्ने मार्गदर्शन तथा प्राथमिकीकरण :**

१. वडागत बजेट अन्तर्गत चालु तथा समानीकरण अनुदान मार्फत विनियोजन गर्न मिल्ने सकिने कार्यक्रम खर्च माथि बुँदा नं २ (क र ख )मा उल्लेख गरे अनुसार विनियोजन गर्ने,

२. उत्पादनमूलक र प्रत्यक्ष विकास निर्माणमा योगदान पुर्याउने प्रकृतिका योजनामा बजेट प्राथमिकीकरण हुनुपर्ने,

३.कुल बजेट सीमाभित्र रहि चालु र पुजिँगत छुट्टा छुट्टै गरि विषयगत समितको क्षेत्र समेत मिल्ने गरि कार्यक्रम तथा योजना तयार गर्ने,

४. जनताको जिवनस्तर, आम्दानी र रोजगारीमा योगदान दिई आर्थिक विकास तथा गरिबी निवारणमा योगदान पुग्ने योजना तथा कार्यक्रमहरु छनौट गर्ने,

५.तालिम, सेमिनार, गोष्ठी जस्ता अनुत्पादित क्षेत्रमा बजेट विनियोजन मितव्ययीता अपनाउने,

६. फुटकर योजनामा बढीमा दुई लाख विनियोजन गर्न सकिनेछ । यसरी फुटकर योजना छनौट गंर्दा रु पचास हजारभन्दा माथिका योजना छनौट गर्नपर्ने छ,

७. कृषि उत्पादन तथा बजारीकरणमा योगदान दिने, उद्यमशिलता विकास र प्रवर्द्धन गर्ने खालका योजना तथा कार्यक्रमहरु,

८. स्थानीय जनताको अधिकतम श्रम तथा लागत सहभागिता जुट्ने, स्थानीय स्रोत, साधनको सीपको प्रयोग हुने कम लागतमा बढी प्रतिफल दिन सकिने दिगो विकासका योजना तथा कार्यक्रमहरु,

९. संघ तथा प्रदेश सरकारले राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्यलाई योगदान दिने खालका योजना तथा कार्यक्रमहरु,

१०. गाउँपालिकाको संस्थागत क्षमता विकास, आधुनिक र प्रविधिमैत्री प्रशासन बनाउन योगदान पुग्ने खालका तथा दिगो विकासका लक्ष्यलाई योगदान दिने खालका योजना तथा कार्यक्रमहरु आदी ।

**४. वडा समितिले विनियोजन गर्न नपाईने विषयहरु:**

- मार्गदर्शन विपरितका योजना तथा कार्यक्रमहरु,
- अनावश्यक प्रशासनिक तथा कार्यक्रम खर्चहरु,
- नाफामुखि संस्था, व्यक्ति र फर्मलाई किटान गरि बजेट विनियोजन गर्न नमिल्ने,
- अवण्डा प्रकृतिका बजेट शिर्षक राख्न नमिल्ने,
- छात्रवृत्ती, अनुदान तथा आर्थिक सहायतामा बजेट विनियोजन नगर्ने,
- विभिन्न समूहगत भ्रमणहरु

CamScanner

| | |
|---|---|
| | ➢ टुक्रे र साना योजनाहरु<br>➢ संघ, प्रदेश तथा अन्य नीकाय संग दोहोरो पर्ने योजनाहरु आदीं । |

CamScanner